Volume 1, Issue 1, 2026. pp. 89–95
Research Article

# बैतडेली नरहरि पर्व लोकगीतको विश्लेषण

**रमेश प्रसाद पन्त**
विद्यावारिधि अनुसन्धानरत, त्रिभुवन विश्वविद्यालय

## लेखसार

प्रस्तुत अध्ययन कार्य बैतडेली लोकसाहित्यमा केन्द्रित रहेको छ। यसमा बैतडी जिल्लाको भत्तोली लोकसमाजमा माघीको समयमा गाइने नरहरि पर्व लोकगीतको विश्लेषण गरिएको छ। यसका लागि आवश्यक सामग्री यसै क्षेत्रबाट लिइएको छ। लोकगायक र अन्य सहभागीको सक्रिय सहभागितामा यहाँ गाइने लोकगीतलाई बटुलिएको छ। यसका लागि सम्बन्धित क्षेत्रमा गएर अन्तर्वार्ता गरेर कापी र कलमको सहायताले लोकगीत बटुलिएका छन्। यहाँको भत्तोली, गोधारागडा, छोयापानी, रतोडा, तल्ला गाउँ र मल्ला गाउँलाई अध्ययनको सीमा, यहाँका लोकगायकलाई गायनको सीमा, नरहरि पर्व लोकगीतलाई विषयगत सीमा र वर्णनात्मक विधिलाई विधिगत सीमा मानिएको छ। त्यसै गरी सूचकबाट उपलब्ध भएका मौलिक लोकगीतको सन्दर्भपरक अध्ययन गरी निष्कर्षमा पुग्ने उद्देश्य प्रस्तुत अध्ययनले लिएको छ। यसका साथै यहाँका लोकगीतलाई प्राथमिक स्रोतका रूपमा र यससँग सम्बन्धित अध्ययन भएका सामग्रीलाई विश्लेषणका लागि प्रयोग गरिएका छन्। तसर्थ यस अध्ययन कार्यले हराउन लागेका बैतडेली नरहरि पर्व लोकगीतको संरक्षण गरी भावी सन्ततिका लागि एक लिखित दस्तावेज बन्नु यसको उपलब्धि मानिएको छ।

*मुख्य शब्दावली :* नरहरि, काँनी, रुबस्या, भौवा, कण्णकी, सिरल्या, पाँपणो, साँपणो, ढुन्कीको

**Article Info .**

**Article History**
**Received:** 2026 January 12
**Accepted:** 2026 February 07

**Email**
2080pantramesh@gmail.com

**Cite**
Pant, R. P. (2025) . बैतडेली नरहरि पर्व लोकगीतको विश्लेषण. *Academic Journal of Simara*, *1*(1), 89–95.

## विषय परिचय

यस अध्ययन कार्यमा बैतडेली नरहरि पर्व लोकगीतको अध्ययन शीर्षक राखिएको छ । यसमा बैतडी जिल्लामा नरहरि (माघी) पर्व मनाउँदा गाइने लोकगीतलाई परिचय, मूलपाठ, सहभागी, परिवेश दृश्य, कार्यको क्रम, उद्देश्य, प्रतिमान, लयविधान, स्थायी अन्तरा थेगो, संरचाना र भाषाशैलीलाई आत्मसाथ गरी विश्लेषणका आधार निर्माण गरिएको कुरा स्पष्ट पारिएको छ।

कुनै पनि अध्ययन कार्यको केन्द्रीय तत्व समस्या हो। अध्ययनकर्ताले समस्यामा आधारित भएर कुनै पनि कार्यलाई विश्लेषणको विषयवस्तु बनाउँछ। प्रस्तुत अध्ययन कार्यमा बैतडी जिल्ला पर्व लोकगीतको सन्दर्भमा सम्पन्नशाली मानिन्छ । यहाँ वर्षभरिमा पर्व मनाइने गरिन्छन्। प्रत्येक पर्वका समयमा लोकगीत गाइएका हुन्छन्। यी लोकगीतमा यहाँका मानिसको जीवनशैली देखाइएको हुन्छ। यहाँ चैत महिनादेखि फागुन महिनासम्म लोकगीत गाइएका हुन्छन् । तर यिनको अध्ययन कार्य भएको देखिँदैन । यसरी पर्व लोकगीतले सम्पन्न मानिएको बैतडी जिल्लाका लोकगीतमा सिद्धान्तमा केन्द्रित भएर अध्ययन नभएको अवस्था छ। त्यसैले यहाँको नरहरि पर्व लोकगीतका मुख्य समस्यालाई निम्नानुसार देखाइएको छ :


Copyright©2026: Author(s). Published by Simara College

क) बैतडी जिल्लाको भत्तोली क्षेत्रमा नरहरि पर्व मनाउँदा गाइने पर्व लोकगीतलाई सन्दर्भका आधारमा विश्लेषण कसरी गर्न सकिन्छ ?

## अध्ययनको उद्देश्य

उद्देश्य कार्यको परिणाम हो । यस अध्ययन कार्यको प्रमुख बैतडी जिल्लाको भत्तोली भन्ने ठाउँमा मकर पर्वका समयमा गाइने पर्व लोकगीतको सन्दर्भपरक अध्ययन गरी निष्कर्षमा पुग्नु हो। यसको समस्याकथनले निर्देशगरेअनुसार यस लोकगीतका प्राज्ञिक उद्देश्य निम्नानुसार रहेको छ :

क) बैतडी जिल्लाको भत्तोली क्षेत्रमा नरहरि पर्व मनाउँदा गाइने नरहरि पर्व लोकगीतको विश्लेषण गर्नु।

## अध्ययनको विधि

प्रस्तुत अध्ययन कार्यका लागि चाहिने आवश्यक मौलिक सामग्री बटुल्नका अपनाइएका प्रक्रिया यसप्रकार रहेका छन् :

### सामग्री सङ्कलन विधि

बैतडेली नरहरि पर्व लोकगीत बैतडी जिल्लाको भत्तोली गाउँलाई अध्ययनको कार्य क्षेत्र बनाइएको थियो यस लोकगीतका लागि त्यसै ठाउँमा बसोबास गरेका मुख्य लोकगायकसँग अन्तर्गत छलफल गरियो। यस लोकगीतलाई केस्रा केस्रा गरी अध्ययन गरिएको थियो । लोकगायकबाट मिठो स्वरमा गाउने काम गरिएको थियो । यसका लागि भत्तोली, गोधारागडा, छोयापानी, रतोडा, तल्ला गाउँ र मल्ला गाउँलाई पनि यसको अध्ययन क्षेत्र बनाइएको थियो । उक्त लोकगीतलाई कापी र कलमका सहायताले टिपिएको थियो । त्यही बेला भत्तोली गाउँमा गएर बैतडेली नरहरि पर्व लोकगीतलाई प्रत्यक्ष रूपले मुख्य लोकगायकसँगै बसेर उक्त लोकगीतलाई राम्ररी सुन्ने गरिएको थियो। यसरी सुनेर र कापीमा टिपिएका लोकगीतलाई यस अध्ययन कार्यको मूलपाठ बनाइएको छ।

### विश्लेषणको ढाँचा

बैतडी जिल्लाको भत्तोली गाउँबाट प्राप्त भएका पर्व लोकगीतलाई विलेषण गर्नका लागि तीन जना सिद्धान्तकारका स्थापित सिद्धान्तबाट मुख्य आधार लिइएको छ। बैतडी जिल्लामा नरहरि (माघी) पर्वमा गाइने लोकगीतलाई परिचय, मूलपाठ, सहभागी, परिवेश दृश्य, कार्यको क्रम, उद्देश्य, प्रतिमान, लयविधान, स्थायी अन्तरा थेगो, संरचानाका आधारमा विश्लेषण गरिएको छ।

### बैतडेली नरहरि पर्व लोकगीतको परिचय

बैतडेली भाषामा यस पर्वलाई नरहरि भनिन्छ साथै चेलीको त्यार पनि भनिन्छ (जोशी, २०७१, पृ.४६)। बैतडी जिल्लामा यो पर्व परम्परादेखि प्रचलनमा रहेको छ । बैतडी जिल्लामा नरहरि पर्वलाई धुमधामका साथ मनाउने गरिन्छ । यो पर्व हरेक वर्षको माघ एक गते मनाउने गरिन्छ । यस पर्वको अघिल्लो रात मिठा मिठा बैतडेली पक्वानहरू पकेका हुन्छन् । जस्तै : लौउन (पुरी), बटकु (मासको पिठोबाट बनाइने एक परिकार) कप्क्या(चामलको पिठोबाट बनाइने खानाको परिकार) पकाउने गरिन्छ । यो पर्व माघ महिनाको सङ्क्रान्तिका समयमा मनाइने हुनाले यसलाई माघे सङ्क्रान्ति भनिएको हुनसक्छ। यस पर्वको बिहानको समयमा यहाँका स्थानीयहरू स्नान गर्नका लागि सुर्नाया र बागेश्वरी नदीको संगममा रहेको रामेश्वर मन्दिर र सुर्नाया र कौशल्यावतीको किनारमा अवस्थित स्वर्गेनीपिपल तीर्थ स्थलमा गएर त्यही देवताको मन्दिरमा टीका लगाएर पूजा गर्ने र आफ्नो मनोकामना पूरा होवस् भन्ने मनोकामना गरिएको हुन्छ। उक्त तीर्थ स्थलमा गएर स्नान गरी शिवको भक्ति भावना गरेमा जीवनमा गरिएका पापलाई हरण गर्ने यहाँका स्थानीयहरूको आस्थाभाव रहेको छ। यसरी सबै जनहरूबाट भएका यस्ता कर्मलाई हरण गर्ने हुँदा यो पर्वको नाम नरहरि रहन गएको हो भन्ने बैतडीबासीको किम्वदन्ति रहेको छ । यसै गरी यहाँका मानिसहरू तीर्थ स्थलबाट फर्केपछि बेलुकीतिर पकाइएको सेलरोटी कागलाई खुवाइन्छ । काग परदेशीको खबर ल्याउने दूतका रूपमा पनि लिइन्छ। यसमा कथिएका सन्दर्भलाई लोकगीतका माध्यमबाट विश्लेषण गरिएको छ।

### मूलपाठ

यसमा बैतडी जिल्लाको भत्तोली भन्ने ठाउँमा नरहरि पर्व मनाउने गरिन्छ। शोधकर्ता त्यस ठाउँमा गएर

प्रत्यक्ष त्यहाँका लोकगायकसँग आवश्यक छलफल गरेर मौलिक नरहरि पर्व लोकगीत सङ्कलन गरिएको छ। उक्त सङ्कलित पर्व लोकगीतलाई यस अनुसन्धान कार्यका लागि मूल सामग्रीका रूपमा लिइएको छ। यसरी प्राप्त भएका सामग्रीलाई यसमा मूलपाठ शीर्षक नामकरण गरेर निम्नानुसार पाठ्यीकरण गरिएको छ :

१) का काँनी का का १+२+१+१=५
२) मेरो रोटो खा खा २+२+१+१=६
३) नरहरि त्यार मागका मैना ४+२+३+२=११
४) भिट्ट आएइ रुबस्या बैना २+३+३+२=१०
५) का कानी का का १+२+१+१=५
६) मेरो रोटो खा खा २+२+१+१=६
७) कौव्वा मैइ दिनौउ लौन २+२+३+२ ९
८) तई दे भौवा खेलौन २+१+२+२=७
९) का कानी का का १+२+१+१=५
१०) मेरो रोटो खा खा २+२+१+१=६
११) कौव्वा मैइ दिनौ पुरी २+२+२+२=८
१२) तई दे कण्णकी छुरी २+१+३+२=८
१३) का काँनी का का १+२+१+१=५
१४) मेरो रोटो खा खा २+२+१+१=६
१५) कौव्वा मैइ दिनौ खिर २+२+२+२=८
१६) तई दे सिरल्या सिर २+१+३+२=८
१७) का काँनी का का १+२+१+१=५
१८) मेरो रोटो खा खा २+२+१+१=६
१९) कौव्वा मैइ दिनौ प्वा २+२+२+१=७
२०) तई दे पिठीको भौव्वा २+१+३+२=८
२१) का काँनी का क १+२+१+१=५
२२) मेरो रोटो खा खा २+२+१+१=६
२३) कौव्वा मैइ दिनौ पाँपणो २+२+२+२=८
२४) तई दे खुट्टाको साँपणो १+१+३+२=७
२५) का काँनी का का १+२+१+१=५
२६) मेरो रोटो खा खा २+२+१+१=६
२७) कौव्वा तई फालैइ देश २+२+३+२=९
२८) मेरी ढुन्कीको ल्यासलै भेष २+३+३+२=१०
२९) का काँनी का का १+२+१+१=५
३०) मेरो रोटो खा खा २+२+१+१=६
३१) कौव्वा तई फालैइ डिल्लेइ २+२+३+३=१०
३२) मेरा ढुन्क्याको रैबार मिल्लैइ २+३+२+३=१०
३३) का काँनी का का १+२+१+१=५
३४) मेरो रोटो खा खा २+२+१+१=६
३५) कौव्वा मैइ दयौंउलो छाँच २+२+३+२=९
३६) तई कौव्वा ढुन्कीका माज २+२+३+२=९
३७) का काँनी का का १+२+१+१=५
३८) मेरो रोटो खा खा २+२+१+१=६
४९) कै बटा फालैइ ढुन्कीका घर १+२+३+३+२=११
४०) हाइहुराइकी माणलैइ डर ५+४+२=११
४१) का कानी का का १+२+१+१=५
४२) मेरो रोटो खा खा २+२+१+१=६
४३) रैबार ल्यौउँलो ढुन्की घर २+३+२+२=९
४४) तम सब मलाई पुज्ज्या अर १+२+३+२+२=१०

**सहभागी**

प्रस्तुत बैतडेली नरहरि पर्व लोकगीत गायनका मुख्य लोकगायक रघुवीर पाण्डेय हुन्। उनले यसको प्रस्तुतिमा केन्द्रीय भूमिका खेलेका छन्। रघुवीर पाण्डेय बैतडी जिल्लाका एक चर्चित लोकगायक हुन्। उनले बैतडी जिल्लामा प्रचलनमा रहेका लोकगीतलाई गाउने काममा अग्रसर देखिएका हुन्छन्। खास गरी उनी पर्व लोकगायक हुन्। बैतडी जिल्लामा पर्वका समयमा गाइने लोकगीतलाई उनले गाउने काम गरेका छन्। उनले परम्परादेखि चलिआएका पर्व लोकगीतलाई स्वरबद्ध गरेर गाउने काम गरेका छन्। साथै उक्त लोकगीतलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने काम गरेका छन्। बैतडी जिल्लामा अलप हुन लागेको पर्व नरहरि लोकगीतलाई संरक्षण गर्ने काम गरेका छन्। उनको जन्म वि.सं२०१० सालमा बैतडी जिल्लाको भत्तोली भन्ने ठाउँमा भएको हो। सानैदेखि गायनमा विशेष रुचि भएका रघुवीर स्वरमा धनी मानिन्छन्। उनी माता राधादेवी पाण्डेय र पिता राधेश्वर पाण्डेयको कोखबाट जन्म लिएका हुन्। उनले कक्षा आठसम्मको अध्ययन गरेका छन्। उनले विद्यालयको

पढाइका अलवा धर्म, संस्कृति सम्बन्धी ज्ञान बटुलेका छन् । लोकगायकका मातापिता कृषि पेसामा आबद्ध रहेका छन् । यसका साथै गाउँका लोकसाहित्यका विधामा गायन गरेर विशेष योगदान दिएका छन् । उनले बैतडी जिल्लाको विवाहका क्रममा गाइने लोकगीत, रोपाईँका समयमा गाइने लोकगीत, देवालयमा गाइने लोकगीत पनि गाएका पाइन्छ । यसरी मातापिता नै लोकगायक र लोकगायिका भएर नै लोकगायक भएको हुन । रघुवीरले उक्त लोकगीतलाई मिठो स्वरमा मृदु, मौलिक भाषाको प्रयोग गरी गाएका छन् । उनीले यस नरहरि पर्व लोकगीतलाई संरक्षण र सम्बर्द्धन गर्ने काम गरेका छन् । त्यसैले रघुवीर बैतडी जिल्लाका पर्व लोकगीत गायनका एक ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ । यसका साथै उक्त लोकगीत गायनमा सहयोग गर्ने सहभागीमा भवानी पाण्डेय, भगीरथ पाण्डेय, भानुभक्त पाण्डेय, भुवन पन्त, भानी पन्त, जानकी पन्त, सरस्वती पन्त, बिस्ना पन्त र देवकी पन्त आदि रहेका छन् ।

## परिवेश

यसमा बैतडेली गाउँले परिवेश छ । यसमा पुराना मौलिक लोकभाषाको प्रयोग गरिएकाले बैतडेली भाषिक परिवेश जन्मेको छ । यसमा गाउँले लोकगायकले गाएकाले पात्रगत परिवेश निर्माण भएको छ ।

यहाँ पुराना चालचलन, धर्म, संस्कृतिको जर्गेना भएकाले परम्परागत परिवेश उत्पन्न भएको छ । प्रस्तुत लोकगीत गायनका क्रममा माघ महिनाको समय भएकाले वसन्तको परिवेश रहेको छ । त्यसै गरी माघ महिनाको एक गते सम्पादन गरिएकाले यसमा कालिक परिवेश पनि उत्पन्न भएको छ । यो लोकगीत बैतडी जिल्लाको लोकसमाजमा सम्पादन गरिएकाले ग्रामीण परिवेश उत्पन्न भएको छ । त्यसै गरी लोकगायकबाट यस नरहरि लोकगीतलाई मिठो स्वर र मौलिक लोकलयमा गाइएकाले सङ्गीतमय परिवेश उत्पन्न भएको छ ।

## कार्यको क्रम

बैतडी जिल्लाको भत्तोली भन्ने ठाउँमा वि.सं २०८१ साल माघ एक गते श्रीवसन्त पञ्चमीका दिन बिहानको समयमा कागलाई सेलरोटी दिने चलन थियो । त्यति बेला यहाँका साना बालबालिका कागलाई सेलरोटी दिने तयारीमा थिए । त्यही समयमा यहाँका लोकगायक रघुवीर पाण्डेयसँग यसका विषयमा कुराकानी भएको थियो । लोकगायकसँग छलफल भएपछि उक्त लोकगीत गाउने तयारी भएको थियो । जसमा सबैभन्दा पहिले निम्न चरणको लोकगीत गायनबाट यसको सुरुवात गरिएको थियो :

का काँनी का का १+२+१+१=५

मेरो रोटो खा खा २+२+१+१=६

माथि उल्लिखित २ ओटा स्थायीका चरण हुन् । यसको पहिलो चरणमा कागलाई सेलरोटी खुवाउन बोलाउँदा गाइएको लोकगीतको चरण हो । यसमा गागलाई बोलाएर मेरो सेलराटी खानु भन्ने कथ्य अभिव्यव्यक्ति प्रकट गरिएको छ । यसरी लोकगायकबाट लामो समयसम्म निरन्तर रूपमा लोकगीत गाइएको थियो । यसरी नै गायन कार्यक्रम समाप्त भएको थियो ।

## उद्देश्य

बैतडेली नरहरि लोकगीत गायनका उद्देश्यहरूमा बैतडी जिल्लाको मौलिक खानाको परिचय दिनु, छोरीलाई सम्मान प्रकट गर्नु, बैतडेली नरहरि लोकगीतको संरक्षण गर्नु, पशुपक्षीको मान मर्यादा राख्नु, विभिन्न चिजवस्तुको महत्त्व देखाउनु, पार्विक लोकगीतलाई निरन्तरता दिनु, मित्रताको भावना कायम गर्नु यस लोकगीत गायनका उद्देश्य हुन् ।

## प्रतिमान

बैतडेली नरहरि लोकगीत विशेष माघको महिनामा गाइनु,नरहरि पर्वलाई छोरीको तिहार मानिनु, कागलाई परदेशी छोराको खबर ल्याउने दूतका रूपमा लिनु, महिलाको तुलनामा पुरुषले यो लोकगीत गाउनु,यसमा सङ्गीतको आवश्यकता नपर्नु यसमा बैतडेली मौलिक भाषाको प्रयोग गरिनु यस लोकगीतका प्रतिमान हुन् ।

## अभिव्यक्तिको संहिता

यसमा नरहरि (माघी) पर्वसँग सम्बन्धित भाषाको प्रयोग देखिएको छ । खास गरी यस पर्व लोकगीतमा बैतडी जिल्लाका मौलिक स्थानीय खानाका परिकार जनाउने शब्द प्रयोगमा आएका छन् । जस्तै : लौउन (पुरी), प्वा

(पुवा), पाँपणो (कर्कलो) र छाँच (मोही) आदि हुन्। यसमा पर्व जनाउने शब्दहरू पनि आएका छन् । जस्तै : नरहरि (माघी), चेली, त्यार (तिहार) आदि हुन् । यसमा विशेष मौलिक शब्दको प्रयोग भएको छ। त्यस्ता शब्दमा पाँपणो (कर्कल्लो), लौन (पुरी), छाँच (मोही) आदि आएका हुन्। यस पर्वमा मानिएको चरा जनाउने शब्दको प्रयोग गरिएको छ । जस्तैः कौव्वा(काग) आदि । यसमा महिना जनाउने नाम शब्द पनि आएको छ। जस्तै : माग(माघ), त्यसै गरी यसमा नाता बुझाउने शब्द देखिएका छन् । जस्तै : चेली, बैना आदि। त्यसै गरी लोकगीतमा भाषाको प्रयोगको क्रममा केही बैतडेली शब्द आएका छन्।

जस्तै :

| बैतडेली शब्द | नेपाली मानक अर्थ |
|---|---|
| त्यार | तिहार |
| माग | माघ |
| भिट | भेट्न |
| मइ | म |
| दिनौँउ | दिऔँ |
| पिठीको | पिठ्यु |
| झालइ | जालास् |
| पुज्ज्या | पुज्ने |
| अर | गर |

## समानान्तरता

प्रस्तुत नरहरि पर्व लोकगीत गायनका क्रममा वर्ण र शब्दको विभिन्न स्थानमा पुनरावृत्ति भएको देखिन्छ । यसरी वर्ण र शब्द एकै पटक पुनरावृत्ति नभएर फरक फरक तरिकाले भएको छ। जसलाई उदाहरणबाट प्रस्ट पारिएको छ :

का काँनी का का १+२+१+१=५

मेरो रोटो खा खा २+२+१+१=६

नरहरि त्यार मागका मैना ४+२+३+२=११

भिट्ट आएइ रुबस्या बैना २+३+३+२=१०

कौव्वा मैइ दिनौउ लौन २+२+३+२=९

तई दे भौवा खेलौन २+१+२+२=७

माथि स्थायीका २ ओटा चरण र अन्तराका ४ ओटा चरण गरी जम्मा ६ ओटा चरण उल्लेख गरिएका छन्। यसमा स्थायीको पहिलो चरण पूरै दोहोरिएको छ। दोस्रो चरणमा ख वर्ण २ पटक दोहोरिएको छ। अन्तराको पहिलो चरणमा र ३ पटक, म दुई पटक, दोस्रो चरणमा ब वर्ण २ पटक, तेस्रो चरणमा न वर्ण २ पटक, चौथो चरणमा पुनरावृत्ति भएको छ । यसरी बारम्बारमा दोहोरिने प्रक्रियाले लोकगीत गायनमा मधुरता थपेको छ।

## कथ्यविषय

प्रस्तुत लोकगीत माघे सङ्कान्तिका समयमा गाइएको गीत हो । बैतडी जिल्लामा यस पर्वका समयमा गरिने कर्मलाई देखाइएको छ। बैतडेली लोकसमाजमा कागलाई परदेशीको खबर ल्याउने दूतका रूपमा लिइन्छ। यस बेला कागलाई का काँनी का का (१+२+१+१), मेरो रोटो खा खा (२+२+१+१) जस्ता मौलिक बैतडेली लोकगीत गाएर कागलाई बोलाइन्छ र त्यहाँ आएको कागलाई सेलरोटी घरको छानामा राखेर खान दिइन्छ। लोकगीतमा उल्लेख भएअनुसार माघको समयमा नरहरि पर्व (माघे सङ्कान्ति) मनाइन्छ। यस बेला दिदी र बहिनीलाई भेट्न आउने कुरा उल्लेख गरिएको छ।

यसमा कागलाई मैले तिमीलाई लौन (पुरी) दिने र कागले भाइलाई खेलाउनका लागि आग्रह गरिएको छ । त्यसै गरी कागलाई पुरी दिइने र कागले कम्मरको छुरा दिनुपर्ने उल्लेख गरिएको छ। कागलाई खिर दिने, कागले शिर दिइनु पर्ने अभिव्यक्त छ। त्यसै गरी कागलाई पुवा र कागले पिठोको भुवा मागेको छ। उस्तै किसिमले कागलाई पाँपणो र कागसँग खुट्टाको मासु मागिएको छ । फरक प्रसङ्गमा काग परदेशीको सन्देश ल्याउने माध्यम मानिएको हुँदा परदेशमा रहेकी बहिनीको खबर ल्याउनका लागि कागलाई आग्रह गरिएको छ। यसमा कागलाई दिल्लीलाई गएर परदेशीको खबर ल्याउन भनिएको छ। कागलाई मही दिने कुरा गरिएको छ। कागलाई परदेशीका माझ गइदिन भनिएको छ। परदेशमा जाँदा कुन बाटो जान्छौँ ? त्यहाँ जाँदा मौसमको गडबढीको डर लाग्ला भनेर चेतना पनि दिइएको

छ। साथै अन्त्यमा कागले परदेशीको खबर ल्याउने र अन्त्यमा कागलाई पूजा गरेर नरहरि पर्व मनाइने कथ्य विषय कथिएको छ।

### स्थायी, अन्तरा र थेगो

प्रस्तुत नरहरि पर्व लोकगीतमा का काँनी का का (१+२+१+१) र मेरो रोटो खा खा (२+२+१+१) जस्ता चरण स्थायीका चरण हुन् भने बाँकी अन्य अन्तराका चरण हुन्। यसमा थेगोका प्रयोग भएको छैन्।

### लय विधान

प्रस्तुत लोकगीत बैतडेली मौलिक लोकलयमा गाइएको छ। यसमा एक पटक स्थायीका चरण गाइएका छन् भने अर्को पटक अन्तराका चरण गाइएका छन्। यसको उदाहरण तल दिइएको छ :

स्थायीका चरण

का कानी का का

मेरो रोटो खा खा

अन्तराका चरण

रैबार ल्यौउँलो ढुन्की घर

तम सब मलाई पुज्ज्या अर

यी चरणको गायन फरक परक भाकामा भएकाले यसमा लय उत्पन्न भएको छ। यस लोकगीतमा अन्त्यानुप्रासको प्रयोगले लय उत्पन्न भएको छ। उदाहरण यसरी दिइएको छ :

*रैबार ल्यौउँलो ढुन्की घर*

*तम सब मलाई पुज्ज्या अर*

माथि दिइएका दुईओटा अन्तराका चरणका अन्त्यमा घर र अर शब्दको प्रयोगले लय सिर्जना गराएको छ। समान शब्दको पुनरावृत्तिले लय उत्पन्न भएको छ। उदाहरण यसरी प्रस्तुत गरिएका छन् :

*का काँनी का का*

यहाँ सबै एकै किसिमका वर्णको गायनले लय उत्पन्न भएको हो।

### संरचना

बैतडेली नरहरि पर्व लोकगीतमा जम्माजम्मी ४४ ओटा गीतिचरणहरू चरणबद्ध देखिएका छ। यी ४४ ओटा सबै चरणमध्ये २२ ओटा गीतिचरण स्थायी भाग हुन् भने २२ ओटा गीतिचरणहरू अन्तराको भागले आगटेको छ। यस बैतडेली नरहरि पर्व लोकगीतको प्रारम्भ का काँनी का का १+२+१+१, मेरो रोटो खा खा २+२+१+१ भन्ने चरणबाट भएको छ। उक्त स्थायी भागको पहिलो चरणमा का वर्ण ४ पटक दोहोरिएको छ भने दोस्रो चरणमा खा वर्ण २ पटक दोहारिएको छ। त्यसै गरी रैबार ल्यौउँलो ढुन्की घर २+३+२+२ तम सब मलाई पुज्ज्या अर १+२+३+२+२ अन्तरा भागमा अन्त्य भएको छ। यस नरहरि पर्व लोकगीतमा ५, ६, ७, ८, ९, १० र ११ का क्रममा अक्षरको वितरण भएको छ, जसमध्ये ५ अक्षरका ११ चरण, ६ अक्षरका ११ चरण ७ अक्षरका ३ चरण, ८ अक्षरका ६ चरण, ९ अक्षरका ५ चरण, १० अक्षरका ५ चरण ११ अक्षरका ३ चरण रहेका छन्। जसमध्ये ५ र ६ अक्षरका ११ स्थायी भागका हुन् भने ७,८,९ र १० अन्तराका भाग हुन्।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा बैतडी जिल्लामा गाइने नरहरि पर्व लोकगीतको बारेमा सन्दर्भपरक विश्लेषण गरिएको छ। यसमा बैतडी जिल्लाका लोकगीतका मूलपाठ प्राप्त भएका छन्। यसमा लोकगायकको सहभागिता निरन्तर रहेको छ। लोकगीत गायनका क्रममा बैतडेली परिवेशको झल्को दिइएको छ। यसको सुरुदेखि अन्त्यसम्मको कार्यको क्रमको सिलसिला मिलाइएको छ। यसमा बैतडेली नरहरि पर्व लोकगीत गायनको उद्देश्य बताइएको छ। यसमा भएका पुराना प्रतिमान पनि देखाइएको छ। लोकगीत गायनमा प्रयोग भएको अभिव्यक्तिको संहितालाई प्रस्ट देखाइएको छ। गायनका क्रममा लोकगीतका चरणमा भएको समानान्तरतालाई उदाहरणबाट प्रस्ट पारिएको छ। नरहरि पर्वलोकगीतको विषयपस्तुलाई यसमा अभिव्यक्त गरिएको छ। मौलिक लोकलयमा गायन गरिएको उक्त लोकगीतको लयको चिनारी दिइएको छ। यसमा भएका स्थायी, अन्तरा र थेगो आदि आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## सन्दर्भसूची


अवस्थी, योगेन्द्रराज. (२०६१). *बैतडेली सवाईको सङ्कलन र विश्लेषण* [त्रि.वि मानविकी तथा सामाजिक शास्त्र सङ्काय, स्नातकोत्तर शोधप्रबन्ध (अप्र.)]।

उपाध्याय, कृष्णदेव. (सन् १९९८). *लोकसाहित्यकी भूमिका,* (सप्त.सं). इ साहित्य भवन प्रा. लि.।

कान्दङ्वा, काजिमान. (२०२०). *नेपाली जनसाहित्य,* रोयल एकेडेमी।

गिरी, जीवेन्द्रदेव. (२०५७). *लोकसाहित्यको अवलोकन.* एकता प्रकाशन।

चालिसे, विजय. (२०३९). *डोटेली लोकसंस्कृति र साहित्य.* साझा प्रकाशन।

पन्त, कालीभक्त पन्त. (२०४३). *हाम्रो सांस्कृतिक इतिहास* (दो.सं.). लेखक स्वयम्।

पराजुली, कृष्णप्रसाद. (२०५७). ने*पाली लोकगीतको आलोक*. वीणा प्रकाशन।

पाण्डे, हुमकान्त. (२०५८). *हुम्लाको लोकसाहित्य.* लेखक स्वयम्।

भाइसाप, बासुदेव. (२०६६). *डोटी प्रदेशको लोकवाङ्मय.* साझा प्रकाशन।

बन्धु, चुडामणि. (२०५८). *नेपाली लोकसाहित्य.* एकता बुक्स।

भट्टराई, ध्रुवराज. (२०५९). विवाहमा भनिने लोकसिलोकः एक सिंहावलोकन. *प्रणयन,* ३(३), २८।

भट्ट,उद्धबदेव. (२०५९). *बैतडेली लोकगीतको अध्ययन* [स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि.] ।

भट्ट, आत्माराम. (२०५२). *बैतडी जिल्लाका पौराणिक लोकगाथाहरूको अध्ययन र विश्लेषण* [अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय]।

भट्ट, पुष्करराज. (२०७३). *नेपालका प्रदर्शनी कला प्रादेशिक अनुसन्धान.* नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान।

पन्त, भरतराज. (२०५५). *छन्द र छन्दशास्त्र, नेपाली साहित्यकोश.* नेपाल प्रज्ञा प्रतिष्ठान।